# क्यासिनो व्यवसायीहरुसँग AML/CFT सम्बन्धी Virtual अन्तरक्रिया कार्यक्रम

वित्तीय जानकारी इकाई (FIU-Nepal) को आयोजनामा मिति २०७८ माघ ३ गते सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT) मा क्यासिनोहरुको भूमिका सम्बन्धमा Virtual माध्यमबाट अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । देशभरका क्यासिनो व्यवसायीहरु सहभागी रहेको सो कार्यक्रममा वित्तीय जानकारी इकाई, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, नेपाल क्यासिनो एसोसियशनका प्रतिनिधिहरुको पनि सहभागीता रहेको थियो ।




कार्यक्रममा इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले 'AML/CFT in Casino Sector' तथा ई. दिपक पराजुलीले 'SAR/STR/TTR Reporting in goAML' शिर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । छलफल तथा अन्तरक्रियामा उठेका जिज्ञासाहरुबारे इकाई प्रमूख दीर्घ बहादुर रावल, उप-निर्देशक स्वरुप श्रेष्ठ लगायतले सम्बोधन गर्नुभएको थियो भने अर्थ मन्त्रालयका प्रतिनिधि डा. हरि कुमार नेपालले आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा इकाई प्रमुख दीर्घ बहादुर रावलज्यूले सहभागीहरुलाई स्वागत गर्दै गैर वित्तीय पेशाकर्मी वा व्यवसायी (Designated Non-Financial Business and Professions-DNFBPs) मध्ये क्यासिनो क्षेत्रलाई राष्ट्रिय जोखिम मूल्याङ्कन, २०२० को प्रतिवेदनले समेत मध्यम-उच्च जोखिम भनी मुल्याङ्कन गरेकाले सजग र जागरुक भई शंकास्पद कारोबार/गतिविधि तथा सीमा कारोबारका प्रतिवेदनहरु वित्तीय जानकारी इकाईमा रिपोर्टिङ गर्न आह्वान गर्नुभयो । साथै, पर्यटन विभागका महानिर्देशक तारानाथ अधिकारीज्यूले कार्यक्रम समापन गरी इकाईले लिइरहेको अग्रसरताको सराहना गर्दै कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । इकाईका सहायक निर्देशक अमिष शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो र सहायक (सू.प्र) विवेश पोखरेलले कार्यक्रम सहजीकरण गर्नुभएको थियो ।